मिती:२०७९/०६/०७ का.पा. बैठक सं.३-०७९/८०

प्रस्तावहरु

१. आर्थिक सहायता सम्बन्धमा ।
२. आ.व. २०७९/८० को योजना कार्यान्वयन सम्बन्धमा ।
३. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धमा ।
४. विविध ।

निर्णयहरु

१.आर्थिक सहायता सम्वन्धमा

क) यस गाँउपालिकाको कार्यालयमा गरिब तथा विपन्न वर्गको औषधि उपचार, किरिया खर्च तथा विपद/प्रकोपजन्य घटनाको क्षतिपूर्ति, धार्मिक तथा सास्कृतिक कार्यक्रमको लागि सहयोग लगायतका कार्यमा स्थानीयबाट माग भएका आर्थिक सहायता सन्दर्भमा देहाय अनुसारको सीमाभित्र रहि गाँउपालिका अध्यक्षलाई सो सम्बन्धमा निर्णय लिने गरि जिम्मेवारी प्रदान गर्ने।

- किरिया खर्चको हकमा गरिब तथा विपन्न वर्ग भएको भनि सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र, मृत्यु दर्ता प्रमाणपत्र, सबभन्दा नजिकको हकदारसँगको नाता प्रमाणित, हकवालाको नागरिकताको प्रतिलिपी र निवेदनको आधारमा वास्तवमै विपन्न वर्ग भएको यकिन भएमा रु ५००० देखि १० हजारसम्म प्रदान गर्ने।
- औषधि उपचार खर्चको सन्दर्भमा गरिब तथा विपन्न वर्गको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिसमा अध्यक्षले छानबीन गरि उपर्युक्त लागेमा निशुल्क स्वास्थ्य विमा गरिदिने, तत्कालै स्वास्थ्य उपचार नगरेमा ज्यान जोखिममा पर्ने र उपचार खर्च जुटाउन समेत समस्या भएका अति गरिब व्यक्तिको लागि वडा कार्यालयको सिफारिस, सरकारी/सामुदायिक अस्पतालको कागजपत्र, बिल भर्पाई लगायतका कागजपत्रका आधारमा सम्वन्धित व्यक्तिलाई अवस्था हेरि रु २००० देखि २५००० सम्म प्रदान गर्ने।
- विपदजन्य घटनाबाट पिडित व्यक्तिको हकमा प्रहरी सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस, घटनास्थलका फोटाहरु आदिको आधारमा रु २००० देखि रु १०००० सम्म प्रदान गर्ने।
- दुर्गा पुजा, लक्ष्मी पुजा लगायत चाडपर्व लक्षित धार्मिक सास्कृतिक कार्यक्रमको हकमा सम्वन्धित समुदाय वा संस्थाको निवेदन, बिल, भर्पाई वा नगदी रसिद, फोटाहरु माग गरि रु २१०० सम्म सहायता प्रदान गर्ने छठ पुजाको हकमा रु २००० देखि रु ५००० सम्म प्रदान गर्ने।
- यस गाँउपालिका क्षेत्रमा कार्यक्षेत्र पर्ने विभिन्न संघ संस्थाहरुलाई गरिने संस्थागत सहायताको सन्दर्भमा बिल भर्पाई र आवश्यक कागजपत्रका आधारमा रु ५००० देखि रु २५००० सम्म सहयोग गर्ने ।
- उपरोक्त सीमा भन्दा बढी सहायता प्रदान गर्नपरेमा कार्यपालिकाको बैठकमा पेश गरि निर्णय भए बमोजिम हुनेछ।

ख) यस गाँउपालिकामा समेत कार्यक्षेत्र रहेको इलाका प्रहरी कार्यालय, बेलहिया, रुपन्देहीले कार्यालयको संरचना निर्माण गर्न सहयोग मार्दै गाँउपालिकामा निवेदन पेश भएकोमा बिल भर्पाई लगायत सम्वन्धित कार्यालयबाट प्रमाणित कागजपत्रका आधारमा रु ७० हजार रकम भुक्तानी गर्ने।

सामर्द गौतम
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

मिती:२०७९/०६/०५ का.पा. बैठक सं.३ ०७९/८०

२.आ.व. २०७९/८० को योजना कार्यान्वयन सम्बन्धमा

गत आर्थिक वर्षमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएका योजनाहरु विभिन्न कारणले समयमै सम्पन्न हुन नसकी म्याद थप भएकोमा उक्त योजनाहरु म्याद थप भएको समयभित्र सम्पन्न गर्नको लागि ताकेता गर्ने र उक्त कार्य सम्पन्न नगर्दासम्मको लागि सम्बन्धित निर्माण व्यवसायीलाई यस गाँउपालिका र वडा कार्यालयबाट कोटेशन मार्फत सञ्चालन हुने निर्माण कार्यमा संलग्न नगराउने।

३.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धमा ।

- मृगौला प्रत्यारोपण गरेका, डायलाइसीस गराईरहेका, क्यान्सर रोगि, र मेरुदण्ड पक्षघात भएका उपचारमा रहेका बिरामीहरुलाई औषधि उपचार वापत खर्च नेपाल सरकारले दिने सुविधामा दोहोरो नपर्ने गरी मासिक रु ५,००० का दरले उपलब्ध गराउने सम्बन्धि कार्यविधि,२०७८" ले स्वीकृत गरेको हुदा सोहि अनुसार यस ओमसतिया गाउपालिकाले २०७९/४/1 देखि लागु हुने गरी कार्यान्वयन गर्ने ।
- नेपाल रेडक्रस सोसाइटीसंग समन्वय तथा सम्झौता गरी पालिकामा रक्तदान कार्यक्रम संचालन गर्ने तथा पालिका भित्रका बिरामीहरुलाई रगत आवस्यक परेमा निशुल्क उपलब्ध गराउन समेत समन्वय गर्ने ।
- यस पालिकामा कुपोषितको संख्या बढेकोले बसन्तपुर प्रा.स्वा.के.मा ओ.टि.सी. सेवा संचालन गरी कुपोषित बालबालिकाहरुलाई उपचार गर्न आवस्यक देखिएको हुदा स्वास्थ्य कार्यालयलाई सुचिकृत गर्न अनुरोध गर्ने ।
- रेबिज भ्याक्सिन सेवा यस पालिकामा रहेको बसन्तपुर प्रा.स्वा. केन्द्रमा सुचारु गर्न आवस्यक देखिएकोले सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत आपुर्ति व्यवस्थापन महाशाखामा अनुरोध गर्ने ।
- बसन्तपुर प्रा.स्वा. केन्द्रमा X-RAY सेवा सुचारु गर्ने प्राविधिकलाई तत्कालको लागी खाजा, यातायात तथा संचार खर्च गरी एकमुष्ट रुपमा मासिक रु 10,000 (दश हजार मात्र) का दरले सम्बन्धित स्वास्थय संस्थाको सिफारिस र हाजिरी प्रमाणितका आधारमा उपलब्ध गराउने ।

४.विविध ।

- यस गाँउपालिकामा संचालित एम्बुलेन्स चालक श्री जितेन्द्र पासीले आफ्नो व्यक्तिगत समस्या देखाउँदै राजिनामा पेश गरेकोले निजको २०७९ श्रावण र भाद्र महिनाको तलव साबिककै दर अनुसार भुक्तानी गर्ने। उक्त एम्बुलेन्स के कसरी कुन विधीबाट संचालन गर्ने भन्ने सन्दर्भमा अर्को बैठकमा थप छलफल गरी निर्णय लिने।
- यस गाउँपालिका अन्तर्गत विभिन्न सडकहरु वर्षादको कारणले गर्दा खाल्डाखुल्डी परी आवतजावतमा कठिनाई परेको र नजिकिदै गरेको चाडपर्व समेतलाई मध्यनजर गर्दै मर्मत/सम्भार तथा मिस्कट खसाल्ने काम अति आवश्यक रहेको हुदाँ अति आवश्यक ठाउँमा मर्मत गरी आ.व.२०७९/८० वार्षिक कार्यक्रमको खर्च शिर्षक नं. ३११५९ योजना कार्यक्रम नं.६४.५ मा विनियोजित आकस्मिक पूर्वाधार निर्माण तथा मर्मत संभार शिर्षकबाट भुक्तानी गर्ने ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष